गुल्मीदरबार गाउँपालिका

स्थानीय राजपत्र

खण्ड : ५ संख्या : ५ चैत्र ३०, २०७९

भाग-२

# गुल्मीदरबार गाउँपालिका युवा उद्यमशिलता विकास अनुदान कार्यक्रम सञ्चालन तथा कार्यान्वयन कार्यविधि २०७९

स्वीकृत मितिः २०७९/१२/३०

प्रमाणिकरण मितिः २०७९/१२/३०

**प्रस्तावना:** युवाशक्ति देशको राजनैतिक, आर्थिक र सामाजिक परिवर्तनको संवाहक हो । यो समुहलाई सक्रिय, उर्जावान र गतिशिल मानिन्छ । नेपाल कृषि प्रधान देश हो । यहाँका दुई तिहाई नागरिकहरु कृषि पेशामा संलग्न छन् तर युवाहरुमा यस पेशा प्रतिको आकर्षण आशा गरिए अनुसार हुन सकेको छैन । यसको उदाहरणका रुपमा हरेक दिन विदेश जाने युवाहरुको संख्यालाई लिन सकिन्छ । काम गर्न सक्ने सक्रिय, उर्जाशील, जोसिला युवाहरु दिनानुदिन विदेश जाने र नेपालका उत्पादनयोग्य जमिन बाँझो हुने अवस्थाको अन्त्य नहुँदासम्म हामी कृषि तथा पशु पालनको क्षेत्रमा आत्मनिर्भर हुन असम्भव छ । युवाहरुको ज्ञान, सीपको विकास गरि उनीहरुको धारणमा परिवर्तन ल्याउदै उद्यमशीलता, सीप विकास र रोजगारी सिर्जना गर्न सकेमा विदेशिएका युवाहरुलाई फर्काउन र विदेश जाने सोंच बनाएका युवाहरुलाई रोक्न सकिन्छ । युवा परिचालन, सहभागिता र नेतृत्व विकासबिना कुनै पनि देशले विकासको अपेक्षित लक्ष्य हासिल गर्न सक्दैन । युवाहरुको सीप विकास, क्षमता विकास र अवसर प्रदानको माध्यमबाट समाज र देशको आर्थिक, सामाजिक र सांस्कृतिक रुपमान्तरण गर्न सकिन्छ ।

त्यसैले युवाहरुलाई कृषि तथा पशु उद्यम, सीप विकास, घरेलु उद्योग जस्ता क्षेत्रमा आकर्षण र उत्प्रेरित गरि स्वरोजगारको सिर्जना गर्दै समग्र राष्ट्र विकासको रणनीतिमा योगदान गर्नका लागि गुल्मदिरबार गाँउपालिकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) को प्रयोजननार्थ गुल्मीदरबार गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७६ को दफा (४) बमोजिमको अधिकार प्रयोग गरि युवा उद्यमशिलता विकास अनुदान कार्यक्रम सञ्चालन तथा कार्यान्वयन कार्यविधि निर्माण गरि जारी गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः क) यस कार्यविधिको नाम “युवा उद्यमशिलता विकास अनुदान कार्यक्रम सञ्चालन र कार्यान्वयन कार्यविधि २०७९” रहेको छ ।

ख) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यस कार्यविधिमाः—

क) “कार्यविधि” भन्नाले युवा उद्यमशिलता विकास अनुदान कार्यक्रम सञ्चालन र कार्यान्वयन कार्यविधि २०७९ लाई सम्झनु पर्दछ ।

ख) “अनुदान” भन्नाले प्रोत्साहन स्वरुप व्यवसायको परिमाणको आधारमा प्रदान गरिने रकमलाई सम्झनु पर्दछ ।

ग) “गाउँपालिका” भन्नाले गुल्मीदरबार गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

घ) “व्यवसाय” भन्नाले स्थानिय स्तरमा युवाले सञ्चालन गरेका बाखा, गाई, भैसी, लोकल कुखुरा, बंगुर, टर्कि, माछा पालन र तरकारी, फलफुल, खाद्यान्न बाली खेती लगायतका कृषि तथा पशुजन्य व्यवसाय लाई सम्झनु पर्दछ ।

ङ) “व्यवस्थापन समिति” भन्नाले युवा उद्यमशिलता विकास अनुदान कार्यक्रम संचालनका लागी अनुगमन तथा मुल्याङ्कन गर्ने समितिलाई सम्झनु पर्दछ ।

च) “कार्यक्रम” भन्नाले गुल्मीदरबार गाँउपालिकाले आफ्नै स्रोत वा अन्य सरकारी वा गैह्र—सरकारी संस्था संग साझेदारी गरि सञ्चालन गर्ने कार्यक्रमलाई सम्झनु पर्दछ ।

छ) “साझेदारी” भन्नाले स्थानीय तह, गैह्र—सरकारी संघ—संस्था, सामुदायिक संघ—संस्था, दातृ निकाय, सहकारी, निजी क्षेत्र, उपभोक्ता समिति आदि समेत सँग संयुक्त लगानीमा गरिने साझेदारी कार्यक्रम वा योजनालाई सम्झनु पर्दछ ।

ज) "युवा" भन्नाले १८ देखि ४५ वर्ष उमेर भएको व्यक्तिलाई सम्झनु पर्दछ ।

झ) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ लाई सम्झनु पर्दछ ।

ञ) "अध्यक्ष" भन्नाले गुल्मीदरबार गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

ट) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गुल्मीदरबार गाउँ कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

ठ) "युवा समुह" भन्नाले गाउँपालिका स्तरीय तथा वडा स्तरीय युवाहरुको समुह भन्ने बुझ्नुपर्छ ।

ढ) "युवा समिति/संजाल" भन्नाले गाउँपालिकास्तरीय युवाहरुको समिति÷संजाल भन्ने बुझ्नुपर्छ ।

३. उद्देश्यः यस कार्यक्रमको उद्देश्य देहायबमोजिम हुनेछ:

क) व्यवसायमा आधारित अनुदान मार्फत कृषि तथा पशुपालन व्यवसायमा युवाहरुको आकर्षण बढाई उत्पादन र उत्पादकत्व वृद्धि गर्ने ।

ख) युवा उद्यमीहरुको मनोबल उच्च राखी कृषि तथा पशुपालन व्यवसायको क्षेत्रमा लगानी गर्न प्रोत्साहन गर्ने ।

ग) उपलव्ध भुमिको क्षेत्रफल तथा पशुवस्तुको संख्याको आधारमा उद्यम वर्गिकरण गरी उद्यमशिलता वृद्धि गर्ने ।

घ) कृषि तथा पशुवस्तु उपजमा गाँउपालिकालाई आत्मनिर्भर बनाउन यागदान गर्ने ।

## परिच्छेद २

## कार्यक्रमका क्षेत्र तथा उद्यमको वर्गिकरण

४. युवा उद्यमशिलता विकासका लागि अनुदान प्रदान गरिने बाली तथा पशुवस्तुहरु देहायअनुसार हुनेछन्—

क) बाख्रा पालन

ख) गाई, भैसि पालन

ग) लोकल कुखुरा पालन

घ) तरकारी खेती

ङ) बंगुर पालन

च) कालिज, टर्की, बट्टाई पालन

छ) माछा पालन

ज) नगदे बाली खेती

झ) फलफुल खेती

ञ) खाद्यान्न बाली खेती

ज) अन्य

झ) गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रमको आधारमा गाउँकार्यपालिकाले अनुदान कार्यक्रमका क्षेत्रहरु थपघट गर्न सक्नेछ ।

५. बाली तथा पशुवस्तु उत्पादन उद्यमहरुको वर्गिकरण देहायअनुसार हुनेछन्—

क) लघु उद्यम

ख) साना उद्यम

ग) मझौला उद्यम

घ) ठुला उद्यम

ङ) उद्यम वर्गिकरण जग्गाको क्षेत्रफल र पशुवस्तुको संख्याको आधारमा निर्धारण गरिएको छ । जग्गाको क्षेत्रफल तथा पशुवस्तुको संख्या अनुसार विस्तृत वर्गिकरण अनुसूची ४ मा उल्लेख गरे बमोजिम हुनु पर्नेछ ।

## परिच्छेद ३

## कार्यक्रम संचालन प्रक्रिया तथा छनौटको मापदण्ड

६. यो कार्यक्रम संचालन गर्दा गाँउपालिका आफैले तथा सोही क्षेत्रमा कार्यरत साझेदार संस्था तथा कार्यक्रम मार्फत गर्न सक्नेछ ।

७. युवा समुह/सञ्जाल/समिति गठन तथा संचालनः कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न वडास्तरीय युवा समुह गठन गरिनेछ । वडास्तरीय युवा समुहका पदाधिकारी तथा सदस्यहरु मध्येबाट सबै वडाको प्रतिनिधित्व हुने गरि कम्तिमा ७ देखि बढीमा २१ सदस्यीय गाउँपालिका स्तरीय युवा सञ्जाल/समिति गठन गरी नियमानुसार दर्ता गर्ने व्यवस्था मिलाईनेछ । यसरी गठन भएको युवा समुह/सञ्जाल/समितिले वडा तथा गाउँपालिका भित्र रहेका युवाहरुलाई संगठित गरी उद्यमी बनाउन विभिन्न कृयाकलापहरु संचालन गर्ने तथा युवा उद्यमशिलता विकास कार्यक्रममा सहभागिताको लागि आवश्यक परामर्श तथा सिफारिस गर्ने कार्य गर्नेछ ।

८. कार्यक्रम सञ्चालन प्रक्रियाः कार्यक्रम सञ्चालन प्रक्रिया देहाय बमोजिम हुनेछन्ः—

क) युवा उद्यमशिलता विकास अनुदान गाउँसभाबाट स्वीकृत कार्यक्रम, योजना तथा परियोजना मार्फत गर्नुपर्नेछ ।

ख) युवा उद्यमशिलता विकास अनुदान कार्यक्रममा सहभागि हुन इच्छुक युवाहरुलाई लक्षित गरी अनुसूची-१ बमोजिमको ढाँचामा ७ दिने सूचना प्रकाशन गर्नु पर्नेछ ।

ग) प्रस्तावकहरुले अनुसूची-२ बमोजिमको ढाँचामा निवेदन र सो अनुसारका कागजातहरु सहित अनुसूची-३ बमोजिमको ढाँचामा वडा कार्यालयको सिफारिस सहितको आवेदन फारम तयार गरी कार्यालयमा पेश गर्नु पर्नेछ ।

घ) पेश भई आएका आवेदनहरुलाई छनौट समिति वा आवश्यक ठानेमा कार्यदलले स्थलगत अनुगमन गरी आवेदनहरु मूल्यांकन गर्नुपर्नेछ ।

९. छनौटको मापदण्डः युवा उद्यमशिलता विकास अनुदान कार्यक्रमको आवेदन छनौंटका मापदण्डहरु देहायबमोजिम हुनेछन्ः—

क) अनुदान कार्यक्रमको लागि आवेदन पेश गर्ने युवाहरुले नागरिकताको प्रतिलिपि र वडा कार्यालयको सिफारिस सहितको आवेदन साथ पेश गरेको हुनु पर्नेछ ।

ख) अनुदान रकम उद्यमीहरुको उत्पादनको स्रोत जस्तैः बाख्राको माउ संख्या, गाई भैसी संख्या, तरकारी खेतीको जग्गाको क्षेत्रफल, पोखरीको क्षेत्रफल, फलफूलको क्षेत्रफलको आधारमा प्रदान गर्नु पर्नेछ ।

ग) अनुदान प्राप्त गर्ने उद्यमीहरुले उत्पादन भएको बाली तथा पशुवस्तुको बजारीकरण गर्दा समूह तथा सहकारी मार्फत गरिने सामुहिक बजारीकरणलाई प्राथमिकता दिनुपर्नेछ ।

घ) आवेदन परेका निवेदनको छनौटको आधार अनुसूची-६ बमोजिम हुनेछ र कुल अंकभारमा प्राप्तांकको आधारमा योग्यताक्रमको छोटोसूची प्रकाशन गरिनेछ ।

१०. अनुदान रकम तथा सहयोगको मापदण्डः युवा उद्यमशिलता विकास अनुदान कार्यक्रमको अनुदान रकमको मापदण्डहरु देहायबमोजिम हुनेछन्

क) बाख्रापालनः यो व्यवसायमा अनुदान प्राप्त गर्नका लागि कम्तिमा १० माउ बाख्रापालन गरेको वा गर्ने योजना पेश गर्नुपर्नेछ । बाख्रापालन गर्ने उद्यमीहरुलाई सुधारिएको खोर निर्माण तथा खोर सुधारका लागि प्राविधिक लागत अनुमानका आधारमा ५०% वा बढीमा रु. ४०,००० सम्म अनुदान प्रदान गरिने छ । सुधारिएको खोर निर्माण गरिसकेका युवा उद्यमीको हकमा माउ संख्याको आधारमा प्रति माउ रु. ४,००० का दरले बढीमा रु. ४०,००० सम्म अनुदान प्रदान गरिने छ ।

ख) गाईभैसी पालनः यो ब्यवसायमा अनुदान प्राप्त गर्नका लागि कम्तिमा ५ वटा गाई भैसी पालन गरिरहेको वा गर्ने योजना पेश गर्नुपर्नेछ । कम्तिमा ५ वटा गाई भैसी पालन गरिरहेका युवा उद्यमीहरुलाई थरी र भकारो निर्माण तथा सुधारका लागि प्राविधिक लागत अनुमानका आधारमा बढीमा ४०,००० सम्म अनुदान प्रदान गरिनेछ । सुधारिएको थरी तथा भकारो भएका युवाले गाई भैसी संख्या थप गरि कम्तिमा ५ वटा पुर्‍याउने योजना पेश गरेका युवालाई गाई भैसी खरीदका लागि प्रति पशु रु. २०,००० वा बढीमा ४०,००० सम्म अनुदान स्वरुप उपलब्ध गराइनेछ ।

ग) स्थानीय जातका कुखुरापालनः कम्तिमा २५० स्थानीय जातको कुखुरापालन गर्ने उद्यमीहरुलाई खोर निर्माण तथा सुधारका लागि प्राविधिक लागत अनुमानका आधारमा ५०% वा बढीमा ४०,००० सम्म र खोर निर्माण गरिसकेका युवा उद्यमीको हकमा पनि चल्ला तथा उत्पादन सामाग्री खरीदका लागि बढीमा रु. ४०,००० सम्म अनुदान प्रदान गरिने छ । यो अनुदान गाउँपालिका भरीमा बढीमा ५ जना उद्यमीले प्राप्त गर्न सक्नेछन् ।

घ) तरकारी खेतीः यो ब्यवसायमा अनुदान प्राप्त गर्नका लागि कम्तिमा २.० रोपनी जमिनमा वा कम्तिमा ४ वटा प्लाष्टिक घर निर्माण गरी मौसमी तथा बेमौसमी तरकारी खेती गर्ने योजना पेश गर्नुपर्नेछ ।तरकारी खेती गर्ने उद्यमीहरुलाई तरकारीको विउँविजन,प्रबिधि तथा मलखाद खरिदका लागि थप गरिने जग्गाको क्षेत्रफलको आधारमा प्रति रोपनी रु. १६००० का दरले वा प्रति प्लाष्टिक घर १०,००० का दरले बढीमा रु. ४०,००० सम्म अनुदान प्रदान गरिने छ । काम सम्पन्न पश्चात अनुगमनकर्ताको प्रतिवेदन र वडा कार्यालयको सिफारिसमा सक्कल बिल भरपाईका आधारमा नियमानुसार करकट्टी गरि भुक्तानी गरिनेछ ।

ङ) फलफुल खेती: यो ब्यवसायमा अनुदान प्राप्त गर्नका लागि कम्तिमा चार रोपनी जमिनमा फलफूल खेती गर्ने योजना पेश गर्नुपर्नेछ । अमिला अन्य जातका फलफुल खेती गर्ने उद्यमीहरुलाई जग्गा तैयारी, फलफुलको विरुवा, मलखाद, प्रबिधि खरिद तथा व्यवस्थापनका लागि जग्गाको क्षेत्रफलको आधारमा प्रति रोपनी रु. १०,००० का दरले बढीमा रु. ४०,००० सम्म अनुदान प्रदान गरिनेछ ।

च) बंगुरपालनः यो ब्यवसायमा अनुदान प्राप्त गर्नका लागि कम्तिमा ५ माउ बंगुरपालन गरेको वा गर्ने योजना पेश गर्नुपर्नेछ । बंगुरपालन गर्ने उद्यमीहरुलाई सुधारिएको खोर निर्माण तथा खोर सुधारका लागि प्राविधिक लागत अनुमानका आधारमा ५०% वा बढीमा रु. ४०,००० सम्म अनुदान प्रदान गरिने छ । सुधारिएको खोर निर्माण गरिसकेका युवा उद्यमीको हकमा माउ संख्याको आधारमा प्रति माउ रु. ८,००० का दरले बढीमा रु. ४०,००० सम्म अनुदान प्रदान गरिने छ ।

छ) अन्य व्यवसायको हकमाः यहाँ उल्लेख नभएका अन्य उद्यमको हकमा संभावनाको आधारमा परियोजना अनुगमन तथा व्यवस्थापन समितिले निर्धारण गर्न सक्नेछ । प्रति युवा उद्यमी अनुदान रकम अधिकतम रु. ४०,००० सम्म अनुदान प्रदान गरिने छ । थप व्यवसाय विस्तारका लागि व्यवसायिक योजना अनुसार सुलभकर्जा प्राप्तीका लागि सहजीकरण गरिनेछ । अनुदान रकमको अधिकतम् सिमा परिवर्तन गर्नुपर्ने भएमा युवा उद्यमशिलता विकास अनुदान कार्यक्रमको वार्षिक स्वीकृत वजेटको आधारमा सोही वर्षका लागि के कति प्रदान गर्ने भन्ने गाँउ कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

## परिच्छेद ४

## कार्यक्रम संचालन, व्यवस्थापन तथा अनुगमन

११. युवा उद्यमशिलता विकास अनुदान कार्यक्रम संचालन, व्यवस्थापन, अनुगमन र सहजीकरणका लागि देहाय बमोजिमको कार्यक्रम अनुगमन तथा समन्वय समिति रहनेछ :—

क) गुल्मीदरबार गाउँपालिका अध्यक्ष - संयोजक

ख) गुल्मीदरबार गाउँपालिकाको उपाध्यक्ष - सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

घ) आर्थिक विकास समितिका सँयोजक - सदस्य

ङ) सम्बन्धित वडाका वडा अध्यक्ष - सदस्य

च) कार्यपालिका सदस्य (दलित) - सदस्य

छ) साझेदार संस्थाका प्रतिनिधी - सदस्य

ज) सामाजिक तथा आर्थिक विकास शाखा प्रमुख - सदस्य सचिव

१२. कार्यक्रम अनुमगन तथा समन्वय समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन्ः-

क) अनुदान कार्यक्रम संचालनको विधि र रुपरेखा निर्धारण गर्ने ।

ग) अनुदान कार्यक्रमको अनुगमन, मूल्यांकन र नियमित समीक्षा गर्ने ।

ग) कार्यक्रम संचालनको लागि आवश्यक व्यवस्थापकीय काम एवं समन्वय र सहजीकरण गर्ने ।

घ) युवा उद्यमशिलता विकास अनुदान कार्यक्रम संचालन सम्बन्धी अन्य आवश्यक निर्णयहरु गर्ने।

१३. युवा उद्यमशिलता विकास अनुदान कार्यक्रमको लागि पेश गरिएका आवेदन तथा प्रस्तावनाहरुको मूल्यांकन गरी छनौटको लागि सिफारिस गर्न देहाय बमोजिमको अनुदान कार्यक्रम आवेदन तथा प्रस्तावना छनौट समिति गठन गरिनेछः-

| | |
|---|---|
| क) योजना शाखाको प्रमुख | - संयोजक |
| ख) साझेदार संस्थाको तर्फबाट बिषय बिज्ञ | - सदस्य |
| ग) सम्बन्धित शाखाका शाखा प्रमुख | - सदस्य |
| घ)सामाजिक तथा आर्थिक विकास शाखा प्रमुख | - सदस्य सचिव |

१४. आवेदन तथा प्रस्तावना छनौट समितिको काम कर्तव्य र अधिकारः प्रस्तावना छनौट समितिले गाँउपालिकाको निर्धारित मापदण्डको आधारमा प्रस्तावना छनौट गरी कार्यपालिकामा पेश गर्नु पर्नेछ।

## परिच्छेद ५

## सम्झौता, भुक्तानी, प्रतिवेदन, अनुगमन तथा मूल्यांकन

१५. सम्झौताः युवा उद्यमशिलता विकास अनुदान कार्यक्रमको सम्झौता आवेदन छनौट समितिको सिफारिसमा कार्यपालिकाको निर्णय बमोजिम प्रमुख प्रशासकीय अधिकृतले अनुसूची ५ बमोजिमको ढाँचामा गर्नु पर्नेछ । साझेदार संस्थाको हकमा सम्बन्धित संस्थाको संस्था प्रमुखले गर्नुपर्नेछ ।

१६. भुक्तानीः युवा उद्यमशिलता विकास अनुदान कार्यक्रमको सम्झौता भए पश्चात् अनुदानग्राहीहरुलाई सम्झौता बमोजिमको रकम साझेदार संस्थाले एकमुष्ठ वा किस्ता बन्दीमा एसि पेयि चेक मार्फत भुक्तानी गर्नु पर्नेछ ।

१७. प्रतिवेदनः युवा उद्यमशिलता विकास अनुदान कार्यक्रमको प्रगति प्रतिवेदन अनुसूची ७ बमोजिमको ढाँचामा कार्य सम्पन्न भए पश्चात पेश गर्नुपर्नेछ ।

१८. अनुगमन तथा मूल्यांकनः युवा उद्यमशिलता विकास अनुदान कार्यक्रमको अनुगमन तथा मूल्यांकन आवश्यकता अनुसार वडा कार्यालय र कार्यक्रम अनुगमन तथा समन्वय समिति मार्फत गरिने छ।

## परिच्छेद ६

## विविध

१९. लेखापरीक्षणः युवा उद्यमशिलता विकास अनुदान कार्यक्रमको लेखापरीक्षण आर्थिक वर्ष समाप्त भए पश्चात वा कार्यक्रम सम्पन्न भए पश्चात प्रचलित कानून बमोजिम गाउँपालिकाले गर्नु पर्नेछ ।

२०. समन्वयः युवा उद्यमशिलता विकास अनुदान कार्यक्रमको व्यवस्थितरुपमा सञ्चालन गर्नको लागि सरोकारवाला नेपाल सरकारका निकाय, प्रदेश सरकारका निकाय र स्थानीय सरकारका निकायहरु बीच कार्यक्रम अनुगमन तथा समन्वय समितिले समन्वय गर्नु पर्नेछ ।

२१. पारदर्शिताः युवा उद्यमशिलता विकास अनुदान कार्यक्रमको आम्दानी खर्च कार्यक्रम सम्पन्न भए पश्चात सार्वजनिक गर्नु पर्नेछ । कार्यक्रम छनौट, अनुगमन तथा मूल्यांकन र कार्यान्वयन गर्दा जनसहभागितामूलक विधिको अवलम्वन गर्नु पर्नेछ ।

२२. संशोधन तथा हेरफेरः यस कार्यविधीको कार्यान्वयनलाई व्यवस्थित र प्रभावकारी बनाउन गाँउपालिकाले आवश्यकता अनुसार संशोधन तथा हेरफेर गर्न सक्नेछ ।

२३. बाधा अडकाउ फुकाउन र व्याख्या गर्न सक्नेः गाउँ कार्यपालिकाले यस कार्यविधिमा थपघट, हेरफेर, संशोधन, व्याख्या वा बाधा अड्काउ फुकाउन सक्नेछ ।

२४. प्रचलित कानुन लागु हुनेः युवा उद्यमशिलता विकास अनुदान कार्यक्रम कार्यान्वयनको सम्बन्धमा यस कार्यविधीमा व्यवस्था भएकोमा सोही बमोजिम र अन्य व्यवस्थाका सम्बन्धमा प्रचलित कानुन बमोजिम हुनेछ । यस सन्दर्भमा द्विविधा उत्पन्न भएमा वा अस्पष्टता भएमा गाँउपालिकाको व्याख्या अन्तिम हुनेछ ।

२५. विविधः युवा उद्यमशिलता विकास अनुदान कार्यक्रमको कार्यान्वयन गाँउपालिकाले आफै स्वयं कार्यान्वयन गर्ने हकमा यसै कार्यविधि बमोजिम र अन्य निकाय सँगको साझेदारीमा साझेदार निकायले कार्यान्वयन गर्ने हकमा यस कार्यविधिको अधिनमा रहि निर्देशिका बनाई लागु गर्न सक्नेछ।

अनुसूची १

(दफा ८ को खण्ड (ख) सँग सम्बन्धित)

गुल्मीदरबार गाँउपालिका,

गाँउ कार्यपालिकाको कार्यालय, गौडाकोट

लुम्बिनी प्रदेश

युवा उद्यमशिलता विकास अनुदान कार्यक्रममा सहभागिताको लागि आवेदन आह्वानको ढाँचा

सूचना प्रकाशित मितिः ............

गुल्मीदरबार गाँउपालिकाको चालु आ.व. २०७९।०८० को लागि स्वीकृत कार्यक्रम अन्तर्गत गुल्मीदरबार कृषि तथा पशु उद्यमशिलता विकास परियोजना मार्फत संचालन हुने युवा उद्यमशिलता विकास अनुदान कार्यक्रममा (बाख्रापालन/गाईभैंसीपालन/लोकल कुखुरापालन/तरकारी खेती/फलफूल खेती र बंगुरपालन) सहभागी हुन १८ देखि ४५ वर्ष उमेरका प्रत्येक वडाबाट कम्तिमा १० जना युवा युवा (महिला, पुरुष, अन्य) हरुलाई कार्यक्रममा समावेश गरीने भएको हुदाँ तोकिएको शर्तको अधिनमा रही सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र आवेदन पेश गर्नुहुन यसै सूचना द्धारा जानकारी गराइन्छ । यस कार्यक्रमको कार्यक्षेत्रगत शर्त (ToR) तथा आवेदन फारम गाँउपालिकाको कार्यालय, वडा कार्यालय वा वेवसाइट https://gulmidarbarmun.gov.np बाट डाउनलोड गरी पूर्ण रुपमा भरी गाँउपालिकाको कार्यालय वा वडा कार्यालयमा पेश गर्न सकिनेछ ।

आवेदन साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरुः

१. पूर्ण रुपमा भरिएको आवेदन फारम,

२. नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपी

३. सम्बन्धित वडा कार्यालयको सिफारिस

४.तरकारी तथा फलफूल खेती गर्न ईच्छुकले मापदण्डमा तोकिए अनुसारको लालपुर्जाको प्रतिलिपी

...............................

प्रमुख प्रशासकीय अधिकृत

नोटः

- एक युवाले एक व्यवसायमा मात्र आवेदन पेश गर्नुपर्नेछ ।
- परियोजनाबाट यस अघि कुनै व्यवसायका लागि अनुदान प्राप्त गरेका व्यक्तिहरुलाई यस कार्यक्रमबाट अनुदान प्रदान नहुने ।

अनुसूची २

(दफा ८ को खण्ड (ग) सँग सम्बन्धित)

गुल्मीदरबार गाँउपालिका,

गाँउ कार्यपालिकाको कार्यालय, गौडाकोट गुल्मी

लुम्बिनी प्रदेश

युवा उद्यमशिलता अनुदान कार्यक्रममा सहभागि हुन इच्छुक युवाहरुका लागि आवेदन पत्रको ढाँचा

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू, मितिः.......................

गुल्मीदरबार गाउँ कार्यपालिकाको कार्यालय

गौडाकोट गुल्मी ।

विषयः युवा उद्यमशिलता विकास अनुदान कार्यक्रममा सहभागी हुन पाउँ ।

महोदय,

प्रस्तुत विषयमा मिति..............................मा प्रकाशित सूचना अनुसार म ................................ ले युवा उद्यमशिलता विकास अनुदान कार्यक्रममा समावेश हुने चाहना भएकोले सो प्रयोजनका लागी तपशिलमा उल्लेखित अनुसारको कागजात संलग्न गरी निवेदन पेश गरेका छु ।

तपशिलः

१. पूर्ण रुपमा भरिएको आवेदन फारम,

२. नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपी

३. सम्बन्धित वडा कार्यालयको सिफारिस

४.तरकारी तथा फलफूल खेती गर्न ईच्छुकले मापदण्डमा तोकिए अनुसारको लालपुर्जाको प्रतिलिपी वा न्यूनतम ५ वर्ष जग्गा भाडा/लिजमा लिएको सम्झौता पत्रको प्रतिलिपि।

आवेदकको

हस्ताक्षर

नामः

ठेगानाः

फोन नं.

अनुसूची ३

(दफा ८ को खण्ड (ग) सँग सम्बन्धित)

गुल्मीदरबार गाँउपालिका,

गाँउ कार्यपालिकाको कार्यालय, गौडाकोट

लुम्बिनी प्रदेश

युवा उद्यमशिलता विकास अनुदान कार्यक्रममा सहभागी हुन इच्छुक युवाहरुको लागि आवेदन फारमको ढाँचा

युवा उद्यमशीलता विकास अनुदान कार्यक्रममा सहभागिताका लागि आवेदन फारम २०७९

**१.परिचयः**

| | |
|---|---|
| आवेदकको नाम | |
| स्थायी ठेगाना | |
| गाउँटोल | |
| जन्म मिति | |
| नागरिकता नं. र जारी गर्ने जिल्ला | |
| मूख्य पेशा | |
| परिवार संख्याः | महिलाः पुरुषः बालबालिकाः |
| मूख्य पेशा | |
| बैदेशिक रोजगारबाट फर्केको भए सोको विवरण : | कुन देशबाट कति समय सम्म के काम गरेर फर्कनु भएको हो? खुलाउने। |
| फोन नं. | |

**२. हाल गरिरहेको उद्यम वा व्यवसायको विवरणः**

| उद्यमको नाम | हालको संख्या तथा क्षेत्रफल | हालको बार्षिक उत्पादन तथा बिक्री(वटा तथा क्वीन्टल) | हालको बिक्रीबाट बार्षिक आम्दानी (रु.) |
|---|---|---|---|
| | | | |

३. थप  वा नयाँ  उद्यम र व्यवसायको विवरणः

| उद्यमको नाम | थप वा नयाँ गर्न चाहेको प्रस्तावित संख्या तथा क्षेत्रफल | थप वा नयाँ गरे पश्चात प्रस्तावित संख्या तथा क्षेत्रफल | थप वा नयाँ उद्यम गरे पश्चात हुने उत्पादन तथा बिक्री (वटा तथा क्वीन्टल) | थप वा नयाँ उद्यम गरे पश्चात हुने बार्षिक आम्दानी (रु.) |
|---|---|---|---|---|
| | | | | |

४. दिगोपनाः परियोजनाबाट अनुदान प्राप्त गरेपश्चात हुने

क. अनुमानित वार्षिक आम्दानी रु.

ख.जनशक्तिको उपलब्धता र रोजगारी सिर्जनाः

| हालको जनशक्ति | | थप वा नयाँ उद्यमबाट सिर्जना हुने रोजगारी | |
|---|---|---|---|
| महिला | पूरुष | महिला | पूरुष |
| | | | |

५. स्वलगानीको प्रस्ताव र स्रोतको अवस्थाः (आफूले थप वा नयाँ संचालन गर्न चाहेको व्यवसायमा के कति स्वलगानी गर्न सकिन्छ उल्लेख गर्ने)

| क्र स | थप वा नयाँ उद्यम वा व्यवसायको नाम | स्वलगानी रकम रु. | स्रोत |
|---|---|---|---|
| १ | | | |

**६. उत्पादित वस्तुको बजार योजनाः** (आफूले थप वा नयाँ संचालनका लागि प्रस्ताव गरेको व्यवसाय र उद्यमबाट स्थानीय उपभोग वा नजिकको स्थानीय बजार वा अन्य कुन ठाउँमा बजारीकरण कसरी गर्न सकिन्छ योजना उल्लेख गर्ने)

आवेदन पेश गर्ने

हस्ताक्षरः...............................................

वडाको तर्फबाट सिफारिस गर्ने

हस्ताक्षर.....................................

नामः.......................................

पदः........................................

वडा कार्यालयको छापः.................

अनुसूची ४

(दफा ५ को खण्ड (ङ) सँग सम्बन्धित)

गुल्मीदरबार गाँउपालिका,

गाँउ कार्यपालिकाको कार्यालय, गौडाकोट गुल्मी

लुम्बिनी प्रदेश

**कृषि तथा पशुवस्तुमा आधारित लघु, साना, मझौला र ठुला उद्यम वर्गिकरणको विस्तृत विवरण**

| क्र.सं. | बाली तथा पशुवस्तु | लघु उद्यम | साना उद्यम | मझौला उद्यम | ठुला उद्यम |
|---|---|---|---|---|---|
| १ | बाख्रा पालन | ५माउ भन्दा कम | ५देखि १० माउ सम्म | ११ देखि २५ माउ सम्म | २५ माउ भन्दा बढी |
| २ | गाई भैसि पालन | २ वटा दुधालु गाई भैसि सम्म | ३ देखि ५ दुधालु गाई भैसि सम्म | ६ देखि १० दुधालु गाई भैसि सम्म | ११ भन्दा बढी दुधालु गाई भैसि |
| ३ | लोकल कुखुरा पालन (संख्या) | ५० वटा सम्म | ५१ देखि १०० वटा सम्म | १००देखि ३०० माउ सम्म | ३०० भन्दा बढी |
| ४ | तरकारी खेती (रोपनी) | २ रोपनी भन्दा कम | २ देखि ३ रोपनी सम्म | ३ देखि ६ रोपनी सम्म | ६ रोपनी भन्दा बढी |
| ५ | फलफूल खेती | २ रोपनी भन्दा कम | २ देखि ३ रोपनी सम्म | ३ देखि ६ रोपनी सम्म | ६ रोपनी भन्दा बढी |

**नोटः अन्य बाली तथा पशुपंक्षीपालनको हकमा कार्यक्रम अनुगमन तथा ब्यवस्थापन समितिको निर्णय अनुसार गरिनेछ ।**

अनुसूची ५

(दफा १५ सँग सम्बन्धित)

गुल्मीदरबार गाँउपालिका,

गाँउ कार्यपालिकाको कार्यालय, गौडाकोट, गुल्मी

लुम्बिनी प्रदेश

सम्झौता पत्रको ढाँचा

................................................संस्था, ..............................(यस पछि प्रथम पक्ष भनिने) र ......................................................................(यस पछि दोस्रो पक्ष भनिने) बिच गुल्मीदरबार कृषि तथा पशु उद्यमशिलता विकास परियोजना अन्तर्गत युवा उद्यमशिलता विकासका लागि अनुदान कार्यक्रम (बाख्रा/दुध/कुखुरा/तरकारी/बंगुर/माछा) मा तपशिलका शर्तहरु पालन गर्ने गराउने गरी यो द्धिपक्षीय सम्झौता गरिएको छ ।

तपशिलः

सम्झौताका शर्तहरुः

१. प्रथम पक्षले गुल्मीदरबार कृषि तथा पशु उद्यमशिलता विकास परियोजना मार्फत युवा उद्यमीले ......................व्यवसाय प्रवद्र्धन गर्नका लागि बढीमा रु ............. (अक्षरुपीः .................. मात्र) दोस्रो पक्षलाई प्रदान गर्नु पर्नेछ ।

२. प्रथम पक्षले युवा उद्यमीहरुलाई व्यवसाय विकासको लागि आवश्यक प्राविधिक सहयोग प्रदान गर्नु पर्नेछ ।

३. प्रथम पक्षले युवा उद्यमी सदस्यलाई आवश्यक तालिमहरु प्रदान गर्नु पर्नेछ ।

४. प्रथम पक्षलले युवा उद्यमीलाई व्यवसाय विस्तार गर्नका लागि आवश्यक रकम सहुलियत कर्जाकोरुपमा परिचालन गर्नका लागि वित्तिय निकायहरु सँग सहजीकरण गर्नेछ ।

५. युवा उद्यमी सदस्यले संझौता भएको मितिले ३० दिन भित्रमा स्वीकृत प्रस्तावना वा स्टिमेट अनुसारको काम सम्पन्न गर्नुपर्नेछ । उद्यमीले सञ्चालन गर्ने व्यवसायको न्यूनतम मापदण्ड तयार गरी यसै सम्झौता साथ संलग्न गरिएको छ ।

६. यस सम्झौता बमोजिम प्रथम पक्षले दिनुपर्ने सबै रकम संझौता अनुसारको काम सम्पन्न गरी आवश्यक सक्कलै बिल भरपाइहरु पेश गरे पश्चात नियमानुसार करकट्टी गरि दोश्रो पक्षको बैंक खातामा निकासा दिईनेछ ।

७. युवा उद्यमी समुहमा आवद्ध हुनुपर्नेछ । आफ्नो उत्पादन समुह वा सहकारी मार्फत सामुहिक बजारीकरण गर्नु पर्नेछ ।

८. गाउँपालिकाले ÷साझेदार संस्थाले युवा उद्यमीहरुको व्यवसाय प्रवद्र्धनका लागि अभिभावकीय भूमिका निर्वाह गर्नु पर्नेछ ।

९. गाँउपालिकाले ÷साझेदार संस्थाले मापदण्ड अनुसारको व्यवसाय सञ्चालनको सुनिश्चितता गर्न नियमितरुपमा अनुगमन गरी आवश्यक सल्लाह सुझाव प्रदान गर्न सक्नेछ ।

१०. कुनै विषम परिस्थित सिर्जना भई यस सम्झौतामा उल्लेखित शर्तहरुमा संशोधन वा पुनरावलोकन गर्नु परेमा दुवै पक्षको आपसी समझदारीमा गरिनेछ ।

११. यस सम्झौतामा लेखिएका कुराहरु यसै बमोजिम र यसमा नलेखिएका कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

| | |
|---|---|
| दोस्रो पक्ष | प्रथम पक्ष |
| दस्तखतः | दस्तखतः |
| नामः | नाम ः |
| पद ः | पदः |
| संस्थाः | कार्यालयः |

रोहवर

| | |
|---|---|
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| पदः | पदः |
| संस्थाः | कार्यालयः |

इति सम्वत..................साल................महिना....................गते रोज..............शुभम् ।

अनुसूची ६

(दफा ९ को सँग सम्बन्धित)

गुल्मीदरबार गाँउपालिका,

गाँउ कार्यपालिकाको कार्यालय, गौडाकोट, गुल्मी

लुम्बिनी प्रदेश, नेपाल

युवा उद्यमशिलता विकास अनुदान कार्यक्रममा परेका आबेदनको मुल्याङ्कन फारमको ढाँचा

| क्र.सं. | बिवरण | अंक भार | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १. | हाल गरिरहेको ब्यवसाय | १२ | | |
| क. | आकार × संख्या तथा क्षेत्रफल | ४ | | |
| ख. | क्षमता × वार्षिक उत्पादन तथा बिक्री | ४ | | |
| ग. | अवस्था ×हालको व्यवसायबाट वार्षिक आम्दानी | ४ | | |
| २. | थप गर्न चाहेको व्यावसायको प्रस्तावित संख्या तथा क्षेत्रफल | ७ | | |
| ३. | स्वलगानीको प्रस्ताव र स्रोतको अवस्था | ५ | | |
| ४. | दीगोपना | १० | | |
| क. | थप गरे पश्चात हुने बार्षिक आम्दानी (रु.) | ५ | | |
| ख. | रोजगारी सृजना | ५ | | |
| ५. | जनशक्तिको उपलब्धता र समाबेसी | ३ | | |
| ६. | बैदेशिक रोजगारी तथा शहरबाट गाँउ फर्केको | ३ | | |
| ७. | उत्पादित वस्तुको बजार योजना | १० | | |
| **जम्मा** | | **५०** | | |

अनुसूची ७

(दफा १७ को सँग सम्बन्धित)

गुल्मीदरबार गाँउपालिका,

गाँउ कार्यपालिकाको कार्यालय, गौडाकोट, गुल्मी

लुम्बिनी प्रदेश, नेपाल

युवा उद्यमशिलता विकास अनुदान कार्यक्रममा सहभागी युवा उद्यमीको प्रगति प्रतिवेदनको ढाँचा

१. परिचयात्मक विवरण

| | |
|---|---|
| उद्यमीको नामः | |
| ठेगानाः | |
| फोन नं.: | |
| नागरिकता नं.: | |
| पान नं. (यदि छ भने): | |

२. व्यवसायको नामः

३. कार्यक्रमबाट लाभान्वित परिवार संख्याः महिलाः पुरुषः

४. कार्यान्वयन विधिः

५. क्रियाकलापः

६. कार्यक्रम सञ्चालन गर्दाको खर्च विवरण

| क्र.सं. | क्रियाकलाप | परिमारण | दर | जम्मा खर्च रकम | परियोजनाको अनुदान सहयोग | स्वलगानी |
|---|---|---|---|---|---|---|
| १ | खोर गोठ सुधार | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| ४. | | | | | | |
| ५. | | | | | | |
| ६. | | | | | | |
| | जम्मा रकम | | | | | |

कार्यक्रमको अनुगमनकर्ताको रायः

आज्ञाले,

(राजिव पन्थी)

प्रमुख प्रशासकीय अधिकृत